# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २ गते २०२७ साल

श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

#### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले रामशाह पथ (पुतली सडक) पेट्रोल पम्पदेखि कमलादी गणेश स्थान नजिक जोड्ने सडक निर्माण गर्न वाग्मती अञ्चल काठमाडौं जिल्ला काठमाडौं नगर पञ्चायत वडा नं. २७ र २८ अन्तरगतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सो जग्गाको जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियम-रू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. १६,१८,१५,१६,१३,१०,९,८,३,२ को बाँकी जग्गा, पश्चिम कि. नं. १८, १७,१४,१२,११,७,६,५,४,१ को बाँकी जग्गा, उत्तर घण्टाघर जाने बाटो र कमलपोखरी जाने बाटो र दक्षिण रामशाह पथ यति ४ किल्लाभित्रको मालपोत रू. ३७।५४ (सैतीसरूपैयाँ चवन्नपैसा) लाग्ने जम्मा जग्गा रोपनी ९–९–१ (नौरोपनी नौआना एकपैसा) को कित्ता एक – – – – – – – – १

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# निर्माण, संचार तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं–भक्तपुर राजमार्गमा पर्ने वाग्मती नदि सोझ्याई पुल बनाउन वाग्मती अञ्चल काठमाडौं जिल्ला कोटेश्वर गाउँ पञ्चायत वार्ड नं. ३ अन्तरगतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सो जग्गाको जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. ९ सिलाल ज्यापूले कमाएको जग्गा कि. नं. १४ आशालाल ज्यापूले कमाएको बाँकी जग्गा कि. नं. १५ भक्तबहादुर खत्रीले कमाएको बाँकी जग्गा कि. नं. ३६ खड्गबहादुरले कमाएको बाँकी जग्गा कि. नं ३८ शिवदास ज्यापूले कमाएको बाँकी जग्गा कि. नं. ४६ गनी खत्रीनीले कमाएको बाँकी जग्गा कि. नं. ५० आशालाल ज्यापूले कमाएको बाँकी जग्गा कि. नं ४६ शंकनाथ पराजुलीले कमाएको बाँकी जग्गा कि. नं. ५७ कृष्णप्रसाद पराजुलीले कमाएको बाँकी जग्गा कि. नं. ५८ चूडामणि पराजुलीले कमाएको बाँकी जग्गा कि. नं. ८० जमुनादेवीले कमाएको बाँकी जग्गा कि नं. ७९ रामनाथ दाहालले कमाएको बाँकी जग्गा कि. नं. ६३ राज्यलक्ष्मीले कमाएको बाँकी जग्गा कि. नं. ६८ मोहनबहादुरले कमाएको बाँकी जग्गा कि. नं. ७ विष्णुकुमारीको जग्गा, पश्चिम हाल बगिरहेको वाग्मती खोला, उत्तर हाल बगिरहेको वाग्मती खोला र दक्षिण हाल बगिरहेको वाग्मती खोला यति ४ किल्लाभित्रको मालपोत रू. १५९।९२ (एकसय उनानसाठी रूपैयाँ बयानब्बेपैसा) लाग्ने जम्मा जग्गा रोपनी ४३–४–३ (त्रियालिसरोपनी चारआना तीनपैसा) को कित्ता एक – – – – – – – १

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।